आ.व. ०७८।०७९

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १५।०७८।०७९

मितिः-२०७८।१२।२३ गते

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री ~~[illegible] पाण्डे~~ दुर्गा बहादुर थापा | नि. प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

श्री तेज प्रसाद गैरे का.वा. वडा अध्यक्ष ता.न.पा.१२

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पाका प्रमुख प्रशासकीय अधिकृत श्री पिताम्वर पाण्डे बिदामा रहेको अवस्थामा यस कार्यालयका नवौं तहका अधिकृत श्री रेशमलाल न्यौपानेको स्वास्थ्यका कारण नि.प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवार लिन असमर्थता व्यक्त गरेकोले यसै कार्यालयका बरिष्ठ अधिकृत (अधिकृत स्तर अधिकृत आठौं तह) श्री दुर्गा बहादुर थापालाई योजना संचालनको कार्यको लागि आर्थिक अधिकार सहित निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्ने गरी जिम्मेवारी प्रदान गर्ने र निजबाट सोही रुपमा गरिएका आर्थिक कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको चालु आर्थिक वर्षको नगर विकास योजनाको हाल सम्मको समग्र बजेट तथा कार्यक्रम बारे समीक्षा गरियो । दशौं नगरसभाबाट पारित बजेटमा समावेश देहाय अनुसारका शिर्षकहरुबाट एकमुष्ट रु. ८ करोड ३६ लाख बचत गरी नगरपालिकाको संचिती कोषमा जम्मा गर्ने र उक्त बचत रकम बजेटमा उल्लेखित रु.१५ करोड ४१ लाख ९६ हजार ९८५ को घाटा बजेटलाई मिलान गर्ने (घटाउने) साथै बजेट सन्तुलनका लागि देहाय अनुसारका नीतिगत पहल गर्ने निर्णय गरियो ।

| शिर्षक | वार्षिक अनुमान | २०७८ चैत्र २० सम्म | २०७८ असार मसान्त | अन्तर(वचत) |
|---|---|---|---|---|
| प्रशासनिक खर्च | १२५००००० | ६४६२८६७९ | ११०४००००० | १४६००००० |
| बिग बुद्ध परियोजना( नगर गौरव) | २००००००० | २०३१७२९ | ६०००००० | १४००००० |
| समपुरक कोष मार्फत संचालन कार्यकम | २०८०१३३०७ | ५८५१५५१३ | २०१५१३३०७ | ६५००००० |
| नगर प्रवर्द्धन कार्यकम | ८४९४५००० | २६०३४६८६ | ३९९४५००० | ३५०००००० |
| विशेष कोष मार्फत हुने कार्यकम | १७७००००० | ७५२७९९९ | १६२००००० | १५००००० |
| वडा स्तरीय पूजिंगत कार्यकम | ६०००००० | ३२६६२८९३ | ५८००००० | २००००० |
| शसर्त कार्यकम | ६२९३१०००० | ३२०३८७२८० | ६२९३१०००० | ० |
| समायोजन खर्च | १००००००० | ० | ० | १००००००० |
| कुल व्यय | १४११०८४०४५ | ५८६८४२६८६ | १३१७४८४०४५ | ८३६००००० |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नीतिगत व्यवस्था :

(१) आ.व.को बिचमा आन्तरिक राजश्व अभिबृद्धि हुन सक्ने उपायहरुको खोजी गर्ने र राजश्व बृद्धिका सम्भाव्य क्षेत्रहरु ढुङ्गा, गिट्टी बालुवा माटो लगायतका श्रोतहरुको प्रभावकारी व्यवस्थापन गर्ने,

(२) खर्चमा मितव्यीता अपनाउन मर्मत सम्भार लगायत कतिपय कार्यहरुलाई आगामी बर्ष गर्ने गरी स्थगन गर्ने, प्रशासनिक तथा कार्यालय संचालन खर्चमा मितव्यीता अपनाउने,

(३) संघ तथा प्रदेश सरकारबाट आउन ढिला भएका रकमहरु समयमा प्राप्त गर्न र थप निशर्त अनुदान प्राप्तिको लागि पहल गर्ने ।

**निर्णय नं. ३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको च.नं. २७३१२, मिति २०७८।१२।२२ गते प्राप्त पत्र अनुसार वडा नं. ७ का वडा अध्यक्ष मुक्तिराम जी.सी.र मालपोत अफिसबाट पेन्सन निस्केका रमेश भन्ने अधिकृतलाई सार्वजनिक जग्गा अधिकरण गरी घर बनाउदा समेत अभिलेखिकरण गरी घर सम्पन्न दिएको भन्ने व्यहोराको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट विवरण माग भएकोमा सार्बजनिक जग्गा पर्ने नपर्ने बारे नापी कार्यालय, पाल्पाको समन्वयमा स्थलगत नापजाँच र मुचल्का समेत गरी खुलाई पठाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै अभिलेखिकरण तथा घर सम्पन्न सम्बन्धी सेवा प्रवाह गर्न यस कार्यालयमा तोकिएका जिम्मेवार कर्मचारीहरु ईन्जिनियर राम प्रसाद श्रेष्ठ, ईन्जिनियर सुमन पाण्डे र अमीन श्री शीव पराजुलीसँग उक्त विषयमा के कसो भएको हो र सार्वजनिक जग्गा अतिक्रमण गरी घर बनाएका भन्ने आरोप लागेका व्यक्तिहरुलाई घरको अभिलेखिकरण गरी सम्पन्नता दिंदा नगर प्रमुख र कार्यपालिकालाई लिखित वा मौखिक कुनै पनि जानकारी नगराई किन अभिलेखिकरण गरी सम्पन्नता दिएको हो सो बारे आजको मितिले सात दिन भित्र निज कर्मचारीहरुबाट सम्वन्धित कागजात सहित लिखित स्पष्टिकरण पेश गराउन ता.न.पा. प्रशासन शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

तानसेन नगरपालिका क्षेत्र भित्र सुपथ मूल्य पसल संचालनको लागि प्रस्ताव मूल्यांकन तथा सहजिकरण समितिको बैठकबाट अनुदान उपलब्ध गराउने बारेको सिफारिस तथा विज्ञ समेतको निम्नानुसारका सुझावका आधारमा चालु आ.व.को नगर विकास योजनाको सुपथ पसल संचालनको लागि विनियोजित शिर्षकबाट अनुदान उपलब्ध गराउने गरी प्रस्ताव मूल्यांकनमा सफल संस्थाहरुसँग सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निम्न</u> :

तानसेन नगरपालिकाको सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका, २०७७ को दफा १६ को उपदफा (१) र (२) बमोजिम दिइने अनुदानको लागि तपशिल अनुसार हुने गरी कार्यान्वय गर्ने :

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

१. सुपथ मूल्य पसल संचालनको लागि प्रस्ताव पेश गरेका संस्थाहरुलाई पहिलो बर्षको लागि पूर्वाधार विकासको लागि उनिहरुको संस्थागत पूँजी लगानी गर्दा समेत पूँजी कम रहेने अवस्थालाई मध्यनजर गरी पूर्वाधार व्यवस्थापनमा सहयोग पुर्‍याउन बढिमा पाँच लाख निर्माण व्यवस्थापन अनुदान र बढीमा पाँच लाख विना व्याज पछि फिर्ता हुने गरी बीऊपूँजी सहित बढीमा दश लाख सम्म उपलव्ध गराउने,
२. पूर्वाधार निर्माणको लागि प्रदान गरिने अनुदानको वील भपाई नगरपालिकामा पेश गर्न लगाउने,
३. अनुदान दिंदा सुपथ मूल्य पसल दीर्घकालिन संचालनको पक्षलाई ध्यान दिने र कम्तिमा दुई बर्ष अनिवार्य संचालन लाई अनिवार्य गर्ने, साथै नगरपालिकाबाट पहिलो वर्ष अल्पकालीन र दुई बर्षमा मध्यकालीन मूल्यांकन गर्ने,
४. पसल संचालकबाट यस क्षेत्रमा नमूना पसल संचालन गर्ने गरी कार्ययोजना पेश गर्न लगाउने,
५. पहिलो बर्ष दिइएको अनुदानबाट चालु आ.व.को आषाढ मसान्त भित्र गरिएका कारोबारको विवरण नगरपालिकामा पेश गर्न लगाउने,
६. पसल संचालकबाट कारोबार शुरु भएकै दिन देखि विल काटी अभिलेख नियमित गर्न र सोको जानकारी नगरपालिकामा उपलव्ध गराउने प्रतिवद्धता गराउने,
७. आगामी आर्थिक बर्ष देखि तोकिएका दैनिक उपभोग्य वस्तुको विवरण तयार गरी विक्रीको १० प्रतिशत अनुदान दिने व्यवस्था गर्ने,
८. अनुदानलाई व्यवस्थित गर्न उपभोक्ता कार्ड जारी गर्ने र कार्ड नम्बरका आधारमा वील भपाई रुजु गर्ने व्यवस्था मिलाउने,

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ६ बसपार्क स्थित नगरपालिकाले भाडामा लगाएको भवनको छत चुहियर व्यवसाय संचालकहरुलाई कठिनाई सृजना भएको भनी छतलाई मर्मत गर्न अनूरोध भएकोमा नगर विकास योजनाको मागमा आधारित शिर्षकवाट रू १२०,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

आर्थिक वर्ष २०७८।२०७९ को लागि सडक वोर्ड नेपालवाट स्वीकृत बजेटमा रही तपशिलका आयोजनाहरूको वार्षिक कार्यक्रम स्वीकृत गर्न सहमतिको लागि पठाउने व्यहोरा निर्णय गरियो ।

**तपशिल :**

१. वास्टारी, ठाटी, पक्लूवा सडक मर्मत कार्य तानसेन, ७
२. बागबानी, कारागार, जैसीचौपारी, सेन मावि हुँदै तानसेन नगरपालिका कार्यालयसम्मको सडक मर्मत, ता.न.पा. वडा नं. ४, ६ र ७

**निर्णय नं.७**

तानसने नगरपालिका वडा नं. ९ को स्वास्थ्य चौकीको ल्याव कक्ष मर्मत र आवश्यक यन्त्र उपकरण व्यवस्थापनको लागि नगर विकास कोषको कोभिड विशेष कोष शिर्षकवाट रू. ५८००० बिनियोजन गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं.८**

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागबाट संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत तानसेन नगरपालिकाको १४ वटै वडाको विभिन्न स्थानमा संचालन हुने दर्ता शिविरको अवधिभर शिविरमा दर्ता हुन आउने लाभग्राहीको लागि सबै प्रकारका व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क मिनाहा गर्ने निर्णय गरीयो ।

**निर्णय नं.९**

रानीमहल दरबार क्षेत्रको सौन्दर्यीकरण तथा व्यवस्थापनको लागि थ्री फेज लाइन विस्तार गर्न नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रलाई अनुरोध गरिएकोमा पाल्पा वितरण केन्द्रबाट प्राप्त प्राविधिक मूल्यांकनको आधारमा रकम रु. २७८४८४।- नगर विकास योजनाको पर्यटन प्रवर्द्धन/कला संस्कृति शिर्षकबाट निकाशा दिने निर्णय गरियो ।

**निर्णय नं.१०**

श्रीनगर क्षेत्रमा पर्यटकहरुको आवगमनलाई बृद्धि गर्न नयाँ बर्षको अवसरमा २०७९ बैशाख १ गते एक दिनको लागि प्रवेश शुल्क निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

तानसेन नगरपालिका वडा नं. ४ मा पर्ने विशाल बजार सौन्दर्यीकरण योजनाको लागि नाली निर्माण र छुट भएका ठाउँमा व्लक विच्छ्याउनको लागि बढीमा रकम रु. १२ लाख नगर विकास योजनाको मागमा आधारित शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

तानसेन नगरपालिका वडा नं. ३ र वडा नं. १० को कार्यालयमा जनशक्ति अभावका कारण कार्यालय संचालनमा कठिनाई भएकोले प्रति व्यक्ति प्रति महिना रकम रु. १५०००।- मासिक पारिश्रमिक प्रदान गर्ने गरी मिति २०७८।१२।१५ गते देखि लागु हुने गरी २०७९ आषाढ मसान्त सम्मको लागि तपसिल वमोजिमका व्यक्तिहरुलाई तोकिएको वडा कार्यालयमा सहायक कम्प्युटर अपरेटरको रुपमा कामकाज गर्न मासिक ज्यालादारीमा काममा लगाउने साथै मिति २०७८।१२।२३ गते देखि लागू हुने गरी कार्यालयको डोजर चालकको रुपमा मासिक रु.२५०००।- मासिक पारिश्रमिक दिने गरी ता.न.पा वडा नं. १० वस्ने श्री विष्णु प्रसाद गैरेलाई मासिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

<u>तपसिल</u>

(क) श्री उमकला कुमाल, ता.न.पा. १० (वडा नं. १० को कार्यालयमा)

(ख) श्री तारा ज्ञवाली अर्याल, ता.न.पा. ९ (वडा नं. ३ को कार्यालयमा)

**निर्णय नं.१३**

तानसेन नगरपालिका वाड नं. ६, स्थित बगाले खेलमैदानमा खेलकुद पूर्वाधार निर्माण योजनाको लागि विनियोजन गरिएको रकम रु. ९० लाखबाट यस अघी तयार गरिएको लागत अनुमान र प्रकाशित गरीएको बोलपत्र संशोधन गरी आवश्यक गुरुयोजनाका आधारमा जग्गा सम्याउने तथा वाल निर्माण गर्न कुल रकमको बढिमा ३० प्रतिशत र ७० प्रतिशत अन्य पूर्वाधार निर्माणमा खर्च हुने गरी निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल २०७३

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं.१४**

तानसेन नगरपालिकाबाट पुष्प स्मृति प्रतिष्ठान र विपी कोइराला स्मृति प्रतिष्ठान स्थापना गरिएकोमा हाल पुष्प स्मृति प्रतिष्ठान पाल्पाको कार्य समितिमा ३ जना प्रतिनिधिको नाम मनोनयन गरी पठाइदिन अनुरोध भई आएकोमा दलीत महिला जनप्रतिनिधि बुद्धिसरा सुनार, पत्रकार महासँघ पाल्पाका अध्यक्ष र बुद्धिजिवीको तर्फबाट जागलाल वि.क.लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

तानसेन नगरपालिका वडा नं. २ स्थित धार्मिक एवं पुरातात्वीक महत्वको राष्ट्रिय सम्पदाको रुपमा रहेको अमर नारायण मन्दिरको छानो भत्किएकोमा सोको पुननिर्माणको लागि डिजाइन, अनुगमन, गुणस्तर नियन्त्रणको जिम्मेवारी पुरातत्व विभागबाट लिने र निर्माण कार्यको लागि यस नगरपालिकालाई पुरातत्व विभागबाट अख्तियारी प्राप्त भएमा स्रोत व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६**

तानसेन नगरपालिका वडा नं. १० मा पर्ने बाक्लो खल्लुक लिफ्टिङ्ग खानेपानी योजनाको लागि ७.५ हर्सपावर क्षमताको सम्मरसिवल पम्प मागमा आधारित शिर्षबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७**

तानसेन नगरपालिकाबाट सार्बजनिक निजी साझेदारी अवधारणामा अगाडी बढाइएका निम्नानुसार उल्लेखित आयोजनाहरु नेपाल सरकार, प्रदेश सरकार, पुरातत्व विभाग, डिभिजनल सडक कार्यालय, डिभिजनल बन कार्यालय लगायतका कार्यालयहरु र सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी अगाडि बढाउन लामो समय लाग्ने अवस्था रहेकोले उल्लेखित आयोजनाहरुको प्रक्रियागत कार्यहरुलाई निरन्तरता दिने निर्णय गरियो :

निम्न :

१. रानीमहल संरक्षण, संचालन तथा व्यवस्थापन आयोजना
२. श्रीनगर सौन्दर्यीकरण आयोजना
३. हाइवे रिफेसमेण्ट आयोजना

**निर्णय नं.१८**

तानसेन नगरपालिका ३ बसन्तपुर पुरानो प्रिपेटरी स्कुल अगाडिको २ वटा जिर्ण भएका रुखहरु, ठूटे पीपलको पुराना आँप तथा सिल्खानटोल गौरीशंकर होटल अगाडी रहेको पुरानो पीपल कुनै पनि बेला ढली विद्युत लाइन तथा मानवीय क्षती हुन सक्ने अवस्थालाई मध्यनजर गरी उक्त रुखहरु हटाउन उपयुक्त शिर्षकबाट रकम रु. ५० हजार वडा नं. ३ को कार्यालयलाई निकाशा दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा, प्रदेश नं. ५, नेपाल, २०७३

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं.१९**

तानसेन नगरपालिकामा रहेको गोरखदल गणको अगाडीको सडक मर्मत गर्दाको भुक्तानी दिन बाँकी रहेको रकम रु. २५ हजार नगर विकास योजनाको उपयुक्त शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०**

तानपा ६ बर्तुङ्गमा रहेको जनप्रिय मा.वि.मा खेल मैदान निर्माणको लागि नगर विकास योजनाको मागमा आधारित शिर्षकबाट रकम रु. २ लाख उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१**

तानसेन नगरपालिका क्षेत्रमा दशैको समयमा गरिएको सडक मर्मत कार्य सम्पन्न भै विभिन्न वडाहरुबाट रकम भुक्तानीको लागि सिफारिस भएकोमा प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

तानसेन नगरपालिका वडा वडा न ११ र १२ मा पर्ने सिमलको रूख, बौघागुम्बा हूदैं छेर्लूंग हूदैं कालीगण्डकी करिडोर जोड्ने बाटोको लागि २०७५ चैत्रमा १२ (हरेक दिन ७ जनाको दरले विहान बेलका कार्य गरेका) दिन लगाई यस नगरपालिका कार्यालको पुर्वाधार शाखावाट डिपार्टमेन्ट सर्भेको विहान बेलका खाजा नास्ता खाए बापतको रकम रू. ५५ हजार भूक्तानी हून कार्यालयबाट सिफारिस भई आएकोले मागमा आधारित शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

यस नगरपालिकाको सहयोगमा पाल्पाली समाज पोखराले पाल्पाको पर्यटन प्रवर्द्धन र विकासको लागि डिजिटल बोर्ड राखेकोमा उक्त बोर्ड संचालनको लागि विद्युत व्यवस्थापन गर्न रकम रु. १ लाख अनुदानको रुपमा नगर विकास योजनाको मागमा आधारित शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**

तानसेनको विकास निर्माण र पर्यटन प्रवर्द्धन कार्यमा क्रियाशिल रहेकोमा तानसेन गुठीलाई संस्थागत सहयोग अनुदान रकम रु. ३० हजार नगर विकास उपयुक्त शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५**

तानसेन नगरपालिका वडा नं. ६ मा जेल निरको प्याप्सन जाने ढलान बाटो अधुरो रहेकोले थप कार्य गर्न रकम रु. ३० हजार मागमा आधारित शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

पाल्पा सामुदायिक डाइलाइसीस केन्द्र ता.न.पा.५ को लागि सवारी साधन खरिद गर्नको लागि नगर विकास योजनाको कोभिड विशेष कार्यक्रमबाट रकम रु. १५ लाख अनुदान स्वरुप उपलव्ध गराउने र उक्त सवारी साधनमा तानसेन नगरपालिकाबाट सहयोग प्रदान भनी उल्लेख गर्न निर्देशन दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner